# राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग र जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरू को अधिकार प्रवर्धन संयन्त्र २०६८ ले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमसम्बन्धी पुनरावलोकन

## १. विषय प्रवेश

कानुनी आधारमा नेपालमा जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहार प्रतिबन्धित छ । वि.स. २०२० सालको मुलुकी ऐनले जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहरलाई प्रतिबन्ध लगाएको थियो । हाल नेपालले मानवअधिकारसम्बन्धी २४ वटा भन्दा बढी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई अनुमोदन गरिसकेको छ । **"सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् १९६५"** लाई नेपालले सन् १९७१ मा अनुमोदन गरी जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहारलाई अन्त्य गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरेको देखिन्छ ।

वि.स. २०४७ को संविधानले समानताको हकअन्तर्गत जातीय भेदभाव तथाछुवाछूत विरूद्धको हकलाई मौलिम हकको रूपमा स्थापित गरेको थियो । नेपालको अन्तरिम संविधान वि.स. २०६३ को धारा १४ र नेपालको संविधान २०७२ को धारा २४ ले जातीय भेदभाव तथा छुवाछूत विरूद्धको हकलाई मौलिक हकको रूपमा किटान गरेको छ । हाल जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ जारी भइ कार्यान्वयनको अवस्थामा छ ।

कानुनीरूपमा जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहारलाई फौजदारी अपराधको रूपमा परिभाषित गरिए तापनि व्यवहारमा यसको अन्त्य हुन सकेको छैन । जातीय भेदभाव तथा छुवाछूत नेपालबाहेक अन्य मुलुकहरूमा पनि प्रचलनमा रहेको कारण यो अन्तर्राष्ट्रियस्तरमा नै बहसको विषय भएको छ । **"मानव अधिकारको विश्वव्यापी घोषणपत्र"** को धारा १ ले सबै मानिस जन्मजात स्वतन्त्ररूपमा जन्मन्छन् र मर्यादा र अधिकारमा समान हुन्छन् भनेको छ । त्यसैगरी धारा २ मा जाति, वर्ण, लिङ्ग भाषा, धर्म, राजनैतिक वा अरु विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अरु कुनै हैसियतको आधारमा भेदभाव गर्न नपाइने उल्लेख छ ।

नेपालको पछिल्लो जनगणना (वि.स.२०६८) अनुसार दलित समुदायको जनसङ्ख्या १३.२ प्रतिशत रहेको छ । वर्तमान समयमा पनि नेपालका दलित समुदायहरू विभिन्न प्रकारका जातीय उत्पीडनबाट प्रताडित भएका छन् । जातीय आधारमा सार्वजनिक तथा निजी स्थानमा प्रवेश निषेध, प्रतिबन्ध, बहिष्करण, अलगाब तथा अन्तरजातीय विवाह अस्वीकार गर्ने जस्ता व्यवहारहरू दलित समुदायमाथि हुँदै आएका छन् ।

यसै सन्दर्भमा, कल्याणकारी राज्यको अवधारणा तथा समावेशी सिद्धान्तको मर्मलाई आत्मसात् गर्दै नेपाल सरकारले मानव अधिकारको रक्षा तथा प्रवर्धन गर्न तथा दलित, उत्पीडित तथा सीमान्तकृत समुदायका हक अधिकारहरूलाई संस्थागत गर्नको लागि विभिन्न नीतिगत व्यवस्थाहरू गरेको पाइन्छ । वि.स. २०५४ सालमा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिको स्थापना, वि.स. २०५८ सालमा राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगको स्थापना, वि.स. २०५७ सालमा राष्ट्रिय मानव अधिकार आयोगको स्थपना, वि.स. २०६३ सालमा नेपालको अन्तरिम संविधान २०६३ र "छुवाछूत मुक्त राष्ट्र" घोषणा, वि.स. २०६८ मा जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ जारी, बादी विकास समिति र जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरू को अधिकार प्रवर्धन संयन्त्र २०६८ को स्थापना जस्ता महत्त्वपूर्ण कार्यहरू नेपाल सरकारले गरेको देखिन्छ ।

नेपाल सरकारले स्थापना गरेका निकायहरू राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरू को अधिकार प्रवर्धन संयन्त्र २०६८ ले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमसम्बन्धी व्यवस्थाको समीक्षा गर्दै नीतिगत तहमा पुनरावलोकन गर्न मद्दत पुऱ्याउनको लागि यो अध्ययन गरिएको हो ।

## २. अध्ययनको उद्देश्य

- जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलित अधिकार संवर्धन संयन्त्र २०६८ ले अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमसम्बन्धी व्यवस्थाको विश्लेषण गर्ने ।

- जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि माथि उल्लेखित निकायहरु ले अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था, कमी कमजोरी तथा चुनौतीहरूको विश्लेषण गर्ने ।
- माथि उल्लेखित संस्थाहरू को संस्थागत संरचना तथा जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि निर्वाह गरेको भूमिका, कमी कमजोरी र चुनौतीका विषयमा खोजकार्य गर्ने ।

- जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि प्रभावकारी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनको लागि अनुसन्धानको निचोडलाई नेपाल सरकारका सम्बन्धित सरोकारवाला सबै निकायहरू लाई वितरण गर्ने ।

## ३. अध्ययन विधि

अध्ययनलाई सापेक्षित बनाउनको लागि राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलित अधिकार सवर्धन संयन्त्र २०६८ ले अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमसम्बन्धी सबैप्रकारका दस्तावेजहरूको अध्ययन गरिएको थियो । अध्ययन गर्नेक्रममा माथि उल्लेखित निकायहरूसँग सम्बन्धित संवैधानिक व्यवस्थाहरू, कानुनहरू, रणनीतिक योजनाहरू तथा संस्थाले वार्षिकरूपमा हासिल गरेका संस्थागत प्रगतिको विश्लेषण गरिएको थियो ।

सुन्सरी, सप्तरी, बारा, दैलेख र कैलाली गरी पाँचवटा जिल्लाहरूलाई नमुना जिल्लाको रूपमा छनौट गरी माथि उल्लेखित चारवटा सरकारी निकायहरूले तर्जुमा गरेका नीति योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्थाका सम्बन्धमा छलफल गरिएको थियो । छलफलमा सम्बन्धित निकायका सरकारी प्रतिनिधिहरू तथा अन्य सम्बन्धित स्थानीय सरोकारवालाहरू सँग अन्तरक्रिया, प्रश्नोत्तर तथा अन्तरवार्ता गरी स्थानीयस्तरमा भएको कार्यान्वयनको अवस्थाबारेमा सूचना सङ्कलन गरिएको थियो । साथै माथि उल्लेखित चारवटा सरकारी निकायहरूका पदाधिकारी, प्रतिनिधि तथा कर्मचारीहरूसंग अन्तर्वाता समेत लिइएको थियो । गैरसरकारी क्षेत्रबाट स्थानीय दलित अगुवाहरू, मानवअधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, गा.वि.स. स्तरीय मानवअधिकार सञ्जालका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थिति थियो ।

अन्त्यमा दलित तथा गैरदलित समुदायका राजनीतिज्ञ, बुद्धिजीवी तथा मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्तिहरू समेतको उपस्थितीमा राष्ट्रियस्तरमा वृहत् अन्तक्रिया कार्यक्रमको आयोजना गरी उक्त कार्यक्रमबाट आएका विभिन्न सल्लाह सुझावहरू लाई समेटेर प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ ।

## ४. राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी अध्ययन

### ४.१ आयोगको परिचय

समग्र मानवअधिकारको रक्षा तथा प्रवर्धन गर्नको र विभिन्न किसिमका विभेद, लैङ्गिक असमानता, हत्या, हिंसा लगायतका कारण हुने मानवअधिकार उल्लङ्घनका घटनालाई अध्ययन, अनुसन्धान तथा अनुगमन गरी पीडितलाई क्षतीपूर्ति र पीडकलाई आवश्यक कानुनी कारवाहीका लागि नेपाल सरकार तथा सरकारका सम्बन्धित निकायहरू लाई सिफारिस गर्ने उद्देश्यका साथ मानवअधिकार ऐन वि.सं .२०५३ मा आधारित रही वि.स. २०५९, जेष्ठ १३ गते यस संस्थाको स्थापना भएको हो । राष्ट्रिय मानव अधिकार आयोग नेपालको एक स्वतन्त्र र स्वशासित सार्वजनिक निकाय हो । नेपालको अन्तरिम संबिधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संबैधानिक अङ्गको रूपमा स्थापना गरेको थियो र वर्तमान नेपालको संविधान २०७२ ले पनि यसलाई संवैधानिक आयोगको रूपमा नै संस्थागत गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको एक केन्द्रीय कार्यालयसमेत गरी पाँचवटा क्षेत्रीय कार्यालयहरू (विराटनगर, जनकपुर, पोखरा, नेपालगञ्ज र धनगढी) र छ वटा उप–क्षेत्रीय कार्यालयहरू (इलाम, खोटाङ, काठमाण्डौ, वुटवल, दाङ र जुम्ला) स्थापना भएका छन् ।

### ४.२ राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधान २०७२ को धारा २४९ ले राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम तोकेको छ –

उपरोक्त व्यवस्थाअनुसार मानवअधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्य राष्ट्रिय मानव अधिकार आयोगको रहेको छ । यसका अलवा मानवअधिकार उल्लङ्घनका घटनाहरू मा छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने, कर्तव्य पालन नगर्ने वा उदासीनता देखाउने पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने, मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने, मानवअधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने, मानवअधिकारसँग सम्बन्धित कानुनको पुनरावलोकन, सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने र राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने जस्ता काम कर्तव्य र अधिकार तोकिएको छ ।

### ४.३ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय मानव अधिकार आयोगले अवलम्बन गरेका नीति, तथा योजना

राष्ट्रिय मानव अधिकार आयोग स्वायत्त तथा स्वतन्त्ररूपमा कार्य गर्ने संवैधाकि अङ्ग हो । नेपाल सरकारले जारी गरेको संविधान, विभिन्न ऐन कानुनहरू, नीतिहरू र अन्तर्राष्ट्रिय सन्धि/सम्झौताहरू तथा सिद्धान्तहरू समेतको अधिनमा रही राष्ट्रिय मानव अधिकार आयोगले कार्य गर्दछ । हाल विधमान नौ ठूला महासन्धिहरू मध्ये **"सबैप्रकारका जातीय विभेदविरूद्धको अन्तर्राराष्ट्रिय महासन्धि सन् १९६५"** लाई जातीय विभेद अन्त्य गर्नको लागि महत्त्वपूर्ण दस्तावेजको रूपमा ग्रहण गरिएको छ ।

आयोगले वि.स. २०५८ साल देखि नै रणनीतिक योजना तर्जुमा गरेर अगाडि बढिरहेको देखिन्छ । आयोगको दोस्रो रणनीतिक योजना को उद्देश्य नं. ३ मा महिला, बालबच्चा, शारीरिकरूपमा दुर्बल, वृद्धा तथा अन्य पीछडिएका वर्गको संयुक्त अधिकारको लागि वकालत गर्ने र लैङ्गिकता र जातीयताका आधारमा हुने सबैप्रकारका विभेदको अन्त्य गर्ने उल्लेख छ । हाल ६ वर्षीय पाँचौ रणनीतिक योजना (सन् २०१५-२०२०) कार्यान्वयनको अवस्थामा छ । यस रणनीतिक योजनाको नारा "घर-घरमा मानवअधिकार शान्ति र विकासको आधार" भन्ने रहेको छ । यस रणनीतिक योजनाको उद्देश्य नं. ३ मा वञ्चितीकरणमा पारिएका समुदाय, सीमान्तकृत समुदाय र नाजुक स्थिति भएका समुदायको अधिकार निश्चित गर्ने उल्लेख छ ।

आयोगको रणनीतिक योजनाहरू ले विशेषत: वञ्चितीकरणमा पारिएका समुदाय, सीमान्तकृत समुदाय र समाजमा नाजुक स्थिति रहेमा सबै समुदायको अधिकार सुनिश्चितताको लागि सबैप्रकाका विभेदविरूद्ध वकालत गर्ने र सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने विषयमा केन्द्रित भएको देखिन्छ ।

**४.४ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय मानव अधिकार आयोगले सञ्चालन गरेका कार्यक्रमहरू**

राष्ट्रिय मानव अधिकार आयोगले यसको स्थापनाकालदेखि विभिन्न कार्यक्रमहरू गर्दै आएको देखिन्छ । विगतका केही अर्थिक वर्षका वार्षिक प्रतिवेदनलाई विश्लेषण गर्दा राष्ट्रिय मानव अधिकार आयोगले मानवअधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नका लागि विभिन्न प्रशिक्षण तथा तालिम, अन्तरक्रिया, छलफल, बैठक, कार्यशाला गोष्ठी, प्रदर्शनी, सेवाग्राहीबीच सिधा सबाल जबाफ, सार्वजनिक सुनुवाइ आदि जस्ता कार्यक्रमहरू गरेको देखिन्छ ।

जातीय विभेद तथा छुवाछूतविरूद्धका केही घटनाहरू मा आयोगले अनुगमन तथा अनुसन्धान गरेको देखिन्छ । यसका अलवा जातीय विभेद तथा छुवाछूतविरूद्ध सचेतना तथा दलित अधिकारका विषयमा अन्तरक्रियात्मक कार्यक्रमहरू गरेको देखिन्छ । पछिल्लो समयमा संयुक्त अनुगमन समितिमार्फत जातीय विभेद तथा छुवाछूतविरूद्धका घटनाहरू मा राष्ट्रिय मानव अधिकार आयोग समेतले अनुगमन गरेको देखिन्छ ।

**४.५ निष्कर्ष**

राष्ट्रिय मानव अधिकार आयोगले जातीय विभेद तथा छुवाछूत अन्त्य सम्बन्धमा एकीकृत नीति लिएको देखिदैन । आयोगको वार्षिक प्रतिवेदनलाई अध्ययन गर्दा आयोगले नेपालका विभिन्न जिल्लाहरू मा सचेतनाका कार्यक्रम र मानवअधिकार हननका घटनाहरूमा अनुगमन तथा अनुसन्धान गरेको देखिन्छ । नमुना जिल्लाका रूपमा छनौट गरिएका पाँचवटा जिल्लाहरूमध्ये सुनसरी जिल्लामा जातीय विभेदसम्बन्धी केही सचेतना कार्यक्रम गरेको देखिन्छ साथै सप्तरी जिल्लामा शिवशंकर दासको हत्यासम्बन्धी मुद्दामा अनुसन्धानात्मक कार्य गरेको देखिन्छ ।

अन्तरक्रिया तथा साक्षात्कार कार्यक्रममा उपस्थित दलित समुदायका अगुवा तथा नागरिक समाजका व्यक्तिहरूले राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो जिल्लामा कुनै पनि कार्यक्रम नगरेको र प्रवाभकारी भूमिका निर्वाह नगरेको मत जाहेर गरेका थिए । मानव अधिकार आयोगका प्रतिनिधिहरूले जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि मानव अधिकार आयोग कटिबद्ध रहेको जिकिर गरेका थिए । यसप्रकारको भनाइबाट राष्ट्रिय मानव अधिकार आयोग र दलित अगुवा तथा नागरिक समाजको बीच सहकार्य भएको देखिदैँन जसले गर्दा जातीय भेदभाव तथा छुवाछूतको मुद्दामा राष्ट्रिय मानव अधिकार आयोगले परिणामुखी कार्य गर्न नसकेको ठहर हुन्छ ।

जातीय विभेद तथा छुवाछूतजन्य व्यवहार वर्तमान समयमा पनि नेपाली समाजमा ब्याप्त छ । यो संवेदनशीलतालाई ध्यानमा राखेर राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजनामा जातीय विभेद तथा छुवाछूतको मुद्दालाई प्राथमिकतामा राखेको देखिदैँन र स्व:स्फूर्तरूपमा जातीय विभेद तथा छुवाछूतविरूद्धका घटनाहरू मा अग्रणी भूमिका निर्वाह गरेको देखिदैन । जातीय विभेद तथा छुवाछूतविरूद्धका केही घटनाहरू मा अनुगमन तथा अनुसन्धान गरेको भए तापनि प्रभावकारीता र परिणाम शून्य छ । जातीय विभेद तथा छुवाछूतको विषय मानवअधिकारको विषय भएको कारण सैद्धान्तिकरूपमा राष्ट्रिय मानव अधिकार आयोगले यस मुद्दामा स्व:स्फूर्तरूपमा काम गर्नुपर्छ । छनौट गरिएका पाँच जिल्लाहरूमध्ये कैलाली जिल्लाबाहेक अन्य जिल्लामा राष्ट्रिय मानव अधिकार आयोगको सहज पहुँच देखिदैन ।

**४.६ राष्ट्रिय मानव अधिकार आयोगलाई सुझाव**

- जातीय विभेद तथा छुवाछूतविरूद्धका घटनाहरूमा राष्ट्रिय मानव अधिकार आयोगले स्व:स्फूर्तरूपमा अनुगमन गर्नुपर्ने ।
- जातीय विभेद तथा छुवाछूतलाई गम्भीर मानवअधिकार हनन्को रूपमा संस्थागत गर्दै जातीय विभेद तथा छुवाछूत अन्त्य लक्षित नीति तथा कार्यक्रम तजुमा गर्नपर्ने ।
- राष्ट्रिय दलित आयोगको नेतृत्वमा गठित संयुक्त अनुगमन समितिलाई प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोगका केन्द्रीय कार्यालय लगायत अन्य क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमा प्रवाभकारी दलित डेस्कको स्थापना गर्नुपर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजनामा जातीय विभेद तथा छुवाछूतको विषयलाई प्राथमिकताका साथ उल्लेख गर्नुपर्ने र जातीय विभेद तथा छुवाछूत विरूद्धको सचेतना कार्यक्रमहरू व्यापकरूपमा सञ्चालन गर्नुपर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोगको सहज पहुँच नेपालका सबै जिल्लाहरूमा हुनुपर्ने ।

## ५. राष्ट्रिय महिला आयोगसम्बन्धी अध्ययन

**५.१ आयोगको परिचय**

देशको आधाभन्दा बढी जनसङ्ख्या रहेका महिलाहरूको हकहितको संरक्षण र संवर्धन गरी विकासको मूलप्रवाहमा महिलालाई

प्रभावकारीरूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उदेश्यले यो आयोग वि.स. २०५८, फागुण २४ गते स्थापना भएको थियो । यो आयोगले महिला हिंसा, मानव अधिकार लगायतका क्षेत्रमा उजुरी लिने तथा कार्य सम्पादन गर्ने गर्दछ । आयोगको संरचना केन्द्रीकृत छ । तर जिल्ला महिला विकास अधिकृतको सहकार्यमा आफ्ना कार्यक्रमहरू स्थानीयस्तरमा सञ्चालन गर्दछ ।

### ५.२ राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधान २०७२ को धारा २५३ ले राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम तोकेको छ –

उपरोक्त व्यवस्थाअनुसार महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने, अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकारलाई सुझाव दिने, समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिन र लैङ्गिक हिंसाका विरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने जस्ता काम, कर्तव्य र अधिकार तोकिएको छ ।

### ५.३ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय महिला आयोगले गरेको नीतिगत व्यवस्था

राष्ट्रिय महिला आयोग स्वायत्त तथा स्वतन्त्र संवैधानिक अङ्ग हो । नेपाल सरकारले जारी गरेको संविधान, विभिन्न ऐन कानुनहरू, नीतिहरू र अन्तर्राष्ट्रिय सन्धी/सम्झौताहरू तथा सिद्धान्तहरू समेतको अधिनमा रही राष्ट्रिय महिला आयोगले कार्य गर्दछ । हाल विधमान नौ ठूला महासन्धिहरूमध्ये **"महिलाविरूद्धका सबैप्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७९"** महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको छ ।

राष्ट्रिय महिला आयोग विगत १३ वर्षदेखि नेपाली महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदलाई चिर्दै महिला सशक्तीकरणका लागि अनवरत कार्य गर्दै आइरहेको छ । त्यसैअनुसार देशभरीका महिलाहरूलाई समेट्नेगरी राष्ट्रिय महिला आयोगका रणनीतिक उद्देश्यहरू तयार गरिएका छन् । महिलाहरू को वर्ग, जातजाति, भाषा, धर्म, लिङ्ग र क्षेत्र तथा भौगोलिक र सांस्कृतिक भिन्नतालाई ध्यानमा राख्दै राष्ट्रिय महिला आयोगले समाजमा लैङ्गिक असमानताका बारेमा चेतना फैलाउन, सरकारी र गैरसरकारी निकायहरूमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व गराउन, लैङ्गिक समानता र समावेशी नीति निर्माण गर्न र ती नीतिहरूको कार्यान्वयन गराउनका लागि वहस पैरवी र वकालत पनि गर्दै आएको छ ।[१]

हाल राष्ट्रिय महिला आयोगको दोस्रो रणनीतिक योजना कार्यान्वयनमा छ । लैङ्गिक समानता, सामाजिक समावेशीकरण, विविधता, स्वायत्त र स्वतन्त्रता, भेदभावरहित, जवाफदेहीता, प्रतिबद्धता र शून्य सहिष्णुता जस्ता सिद्धान्तहरूको जगमा यो रणनीतिक योजनाको तर्जुमा गरिएको छ । लैङ्गिक न्याय, महिलाअधिकारसम्बन्धमा वकालत र महिला अधिकारसम्बन्धी सचेतना कार्यक्रमहरू गर्ने विषयमा हालको रणनीतिक योजनाले जोड दिएको देखिन्छ । दलित महिला तथा जातीय विभेद तथा छुवाछूत अन्त्य सम्बन्धमा राष्ट्रिय महिला आयोगको दोस्रो रणनीतिक योजनामा उल्लेख गरिएको छैन । यो योजना सबै महिलाहरूलाई एकै दृष्टिकोअणबाट हेर्ने अबधारणाको आधारमा निर्माण भएको देखिन्छ ।

२०७१ साल जेठ १४ गते राष्ट्रिय दलित आयोगको संयोजकत्वमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, प्रधानमन्त्रीको कार्यालय, दलित गैरसरकारी संस्था महासङ्घ, नेपाल प्रहरीको मानवअधिकार इकाइ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसमेत सदस्य रहनेगरी ७ सदस्यीय संयुक्त अनुगमन समिति गठन भएको छ ।

### ५.४ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय महिला आयोगले अवलम्बन गरेका कार्यक्रमहरू

राष्ट्रिय महिला आयोगले यसको स्थापनाकालदेखि नै विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ । आयोगको विगत पाँच वर्षका वार्षिक प्रतिवेदनको अध्ययन गर्दा लैङ्गिक न्याय, महिलाअधिकार सम्बन्धमा वकालत र महिलाअधिकार तथा लैङ्गिक समानतासम्बन्धी सचेतना कार्यक्रमहरू, घरेलु हिंसा, महिलाविरूद्ध हुने विभिन्न प्रकारका विभेद तथा यातनालाई रोक्ने जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू भएको देखिन्छ । यसअन्तर्गत लैङ्गिक हिंसाका घटनाहरू विरूद्ध अनुगमन, अनुसन्धान तथा उजुरी दर्ता गरी पीडितलाई न्याय प्रदान गर्ने, महिलाअधिकार सुनिश्चितताका लागि विभिन्न अन्तरक्रिया, तालिम, छलफल, गोष्ठी तथा कार्यशाला सञ्चालन गर्ने, अनुसन्धानका कार्यहरू गर्ने, रेडियो नेपालबाट महिलाअधिकारसम्बन्धी साप्ताहिक कार्यक्रम प्रशारण प्रचार र महिलाविरूद्धको भेदभाव प्रथा, हिंसा तथा महिलाअधिकारसम्बन्धी चेतनामुलक सामाग्री उत्पादन तथा प्रकाशन र वितरण, महिला हकअधिकारका विविध पक्षमा सार्वजनिक सुनुवाइ, सञ्चार माध्यममा महिलाको समाचार चित्रण-क्लिपिङ्ग सेवा, तत्काल उद्धार/पुनःस्थापना सेवाका लागि सम्बन्धित निकायलाई सहयोग/मनोसामाजिक परामर्श सेवा/कानुनी सेवा लगायतमा सहयोग सहकार्य र लैङ्गिकतामा आधारित हिंसाविरूद्धको १६ दिने अभियान जस्ता कार्यक्रमहरू आयोगले गर्दै आएको देखिन्छ ।

१ दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, राष्ट्रिय महिला आयोग ।

हाल राष्ट्रिय महिला आयोगसमेत संयुक्त अनुगमन समितिमा आबद्ध भएको छ । यस समितिमार्फत दलित महिला तथा जातीय विभेद तथा छुवाछूतका विरूद्धका घटनाहरूमा अनुगमन तथा अनुसन्धान भएको देखिदैन । राष्ट्रिय महिला आयोगले बेलवारी, मोरङकी माया सार्कीमाथि भएको विभेदको घटनामा अनुगमनगरी सत्यतथ्य प्रतिवेदन सार्वजनिक गरेको थियो ।

### ५.५ निष्कर्ष

समग्र नेपालका महिला समुदायको सशक्तीकरण तथा लैङ्गिक न्याय प्रदान गर्ने उद्देश्यकासाथ राष्ट्रिय महिला आयोगको स्थापना भएको देखिन्छ । वर्तमान समयमा पनि नेपालका महिला समुदायहरू घरेलु हिंसा, बलात्कार, दाइजोप्रथा, बोक्सीको आरोप तथा अन्य विभिन्न प्रकारका विभेदका घटनाहरूबाट प्रताडित भइरहेका छन् ।

नेपालका दलित महिलाहरू अन्य समुदायका महिलाहरूको तुलनामा बढीमात्रमा उपेक्षित तथा विभेदमा परेका छन् । नेपालका दलित महिलाहरूको शैक्षिक अवस्था समग्र महिलाको तुलनामा कमजोर रहेको छ । दलित महिलाको सरदर आयु रहेको छ । समाजमा विधमान जातीय विभेद तथा छुवाछूतका कारण दलित महिलाहरू अन्य महिलाको तुलनामा बढी विभेदमा परेका छन् । तर दलित महिलाको सशक्तीकरण तथा जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय महिला आयोगले विषेश तथा छुट्टै नीति अवलम्बन गरेको देखिदैन ।

राष्ट्रिय महिला आयोगको दोस्रो रणनीतिक योजनाको उद्देश्य नं. १ मा महिलामाथि हुने सबैप्रकारका हिंसा, विभेद तथा बहिष्करणको अन्त्य गरिने बेहोरा उल्लेख गरिएको छ । तर रणनीतिक योजना तथा राष्ट्रिय महिला आयोगका अन्य कार्यक्रमहरू दलित महिला मैत्री भएको देखिदैन । आयोगको विगत पाँच वर्षको वार्षिक प्रतिवेदनको अध्ययन गर्दा विभिन्न जिल्लामा लैङ्गिक हिंसा तथा महिला अधिकारका विषयमा सचेतना कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ । साथै, लैङ्गिक हिंसाका आधारमा गरिएका विभिन्न हत्याका सम्बन्धमा अनुगमन तथा अनुसन्धान गरेको देखिन्छ । तर दलित महिलाकोको वृत्ति विकास तथा स्तर उन्नतिसम्बन्धी विशेष कार्यक्रम गरेको देखिदैन । मोरङको बेलवारीमा माया सार्कीमाथि भएको घटनामा गरिएको अनुगमन र जातीय विभेद तथा छुवाछूतविरूद्ध मैथिली भाषामा स्थानीय एफ.एम रेडियोबाट प्रसारण गरिएको कार्यक्रमबाहेक अन्य उल्लेखनीय कार्य भएको देखिदैन ।

नमुना जिल्लाको रूपमा छनौट गरिएका पाँचवटा जिल्लाहरूमा स्थलगत भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । अधिकांश सहभागीहरूले राष्ट्रिय महिला आयोगबाट दलित महिला सशक्तीकरण तथा जातीय विभेद अन्त्यसम्बन्धी कुनै पनि कार्यक्रम नभएको बेहोरा अवगत गराएका थिए ।

स्थानीय सरोकारवालाहरूले हालसम्म राष्ट्रिय महिला आयोगको पहलमा एउटा पनि दलित महिला तथा जातीय विभेदविरूद्धको घटनाहरूमा मुद्दा दर्ता नभएको बेहोरा अवगत गराएका थिए । बारा जिल्ला र सप्तरी जिल्लाका सहभागीहरूबाट दाइजोप्रथा र बोक्सीको आरोप लगाउने प्रचलन व्यापक रहेको खुलासा गरेका थिए ।

### ५.६ राष्ट्रिय महिला आयोगलाई सुझाव

- राष्ट्रिय महिला आयोगको केन्द्रीकृत संरचनालाई सङ्घीयताको भावनाअनुसार विस्तार गर्नुपर्ने ।
- पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने ।
- जातीय विभेद तथा छुवाछूत अन्त्य तथा दलित महिलाको स्तरउन्नति हुने नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने ।
- दलित महिलाका सम्बन्धमा खण्डीकृत तथ्याङ्क प्रकाशित गर्नुपर्ने ।
- आयोगको रणनीतिक योजनामा दलित महिलाको समस्यालाई प्राथमिकतामा राख्नुपर्ने र दलित मानवअधिकार हननका घटनाहरूमा अन्य सोही प्रकृतिका राष्ट्रिय निकायहरूसँग सहकार्य गर्नुपर्ने ।

## ६. राष्ट्रिय दलित आयोग

### ६.१ आयोगको परिचय

नेपालमा सदियौंदेखि चल्दै आएको जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहार वर्तमान समयमा पनि कायम नै रहेको छ जसको कारण नेपालका दलित समुदायहरू राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक/सांस्कृतिक क्षेत्रमा समान किसिमको पहुँच र अवसरबाट वञ्चितीकरणमा पारिएका छन् । नीति निर्माण तथा निर्णायकतहमा दलित समुदायको उपस्थिति न्यून रहेको छ । बहिष्करण, अवहेलना, विस्थापन, प्रतिबन्ध तथा अलगाब जस्ता कार्यहरू जातीय भेदभाव र छुवाछूतका प्रमुख विशेषताहरू हुन् ।

दलित समुदायको निरन्तर आन्दोलन र परिवर्तित राजनैतिक विकासका कारण नेपाल सरकारले २०५८ साल चैत्र ६ गते राष्ट्रिय दलित आयोगको स्थापना गरेको थियो । दलित समुदायको हकहितको रक्षा तथा जातीय विभेद तथा छुवाछूत अन्त्य गर्ने प्रमुख उद्देश्यको साथ १० सदस्यीय राष्ट्रिय दलित आयोगको स्थापना गरिएको थियो । नेपालको संविधान २०७२ ले राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोगको रूपमा स्थापित गरेको छ । हाल आयोगको संरचना केन्द्रीकृत अवस्थामा रहेको छ । हालको संविधानको धारा २५७ मा राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्नसक्ने व्यवस्था छ ।

### ६.२ राष्ट्रिय दलित आयोगको काम, कर्तब्य र अधिकार

राष्ट्रिय दलित आयोग स्थानीय विकास मन्त्रालयको गठन आदेशबाट स्थापना भएको थियो । हालसम्म आयोगका काम, कर्तव्य र अधिकारहरू कानुनद्वारा निर्दिष्ट हुनसकेको थिएन । नेपालको संविधान २०७२ को धारा २५६ ले राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार यसप्रकार तोकेको छ –

क) दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ख) जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्यगरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्ने ।

ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानुनको प्रभावकारीरूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।

घ) दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

च) जातीय भेदभाव तथा छूवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

### ६.३ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय दलित आयोगले अवलम्बन गरेका नीति तथा योजना

राष्ट्र विकासको मूलप्रवाहबाट पछाडि पारिएका दलित समुदायलाई आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा धार्मिक/सांस्कृतिक क्षेत्रमा सहभागिताको समान अवसर प्रत्याभूत गराउन तथा अन्य जीवनस्तर उच्च भएका जात समुदायका नागरिक सरह विकास गर्न, जात, वंश र पेशाका आधारमा प्रचलित जातीय भेदभाव र छुवाछूत व्यवहार पूर्णरूपले अन्त्य गर्ने नेपाल सरकारको नीतिअन्तर्गत राष्ट्रिय दलित आयोगको स्थापना भएको हो । राष्ट्रिय दलित आयोगले स्थापना कालदेखि नै जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि विभिन्न ढङ्गले कार्य गरेको देखिन्छ तर रणनीतिक योजनाकासाथ अगाडि बढेको देखिदैन । हाल आयोगको रणनीतिक योजना बन्नेक्रममा रहेको छ । जातीय भेदभाव तथा छुवाछूतविरूद्धका घटनाहरूमा अनुगमन तथा अनुसन्धान गरी ध्यानाकर्षण गराउने र जातीय भेदभाव तथा छुवाछूतविरूद्ध सचेतना तथा संवर्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ तर दीर्घकालीनरूपमा जातीय भेदभाव तथा छुवाछूत अन्त्यगर्ने नीतिगत व्यवस्था भएको देखिदैन । राष्ट्रिय दलित आयोग र दलित गैरसरकारी संस्था महासङ्घको सयुक्त पहलमा जातीय विभेद तथा छुवाछूत अन्त्यसम्बन्धी दशवर्षे रणनीतिक योजनाको खाका तयार पारिएको थियो तर त्यस योजना प्रभावकारी रूपमा लागू भएको देखिदैन । राष्ट्रिय दलित आयोग कार्य सञ्चालन निर्देशिका २०७० अनुसार राष्ट्रिय दलित आयोगको काम कारबाहीलाई नियमित गर्न खोजिएको छ । हाल संयुक्त राष्ट्रसङ्घको सहयोगमा सञ्चालित मानवअधिकार र कानुनको शासन कार्यक्रम अन्तर्गत राष्ट्रिय दलित आयोगको संयोजकत्वमा संयुक्त अनुगमन समिति गठन भएको छ । राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र र दलित गैरसरकारी संस्था महासङ्घ, नेपाल प्रहरीको मानवअधिकार इकाइ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसमेत सदस्य रहनेगरी सात सदस्यीय समिति २०७१ साल जेठ १४ गते गठन भएको थियो ।

### ६.४ जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय दलित आयोगले अवलम्बन गरेका कार्यक्रमहरू

राष्ट्रिय दलित आयोगले आफ्नो स्थापनाकालदेखि विभिन्न कार्यक्रमहरू गर्दै आएको देखिन्छ । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ को प्रचारप्रसार तथा प्रभावकारी कार्यान्वयनमा पहल, कानुन कार्यान्यवन गर्ने निकायहरूसँग समन्वय/छलफल, जातीय भेदभाव तथा छुवाछूतका विरूद्ध राज्यद्वारा लागू गरिएका ऐन नियम तथा दलित समुदायका लागि प्रदान गरिएका सेवा सुविधाको उपभोगमा पहुँचको अवस्थाकाबारे अनुसन्धान, जातीय विभेद तथा छुवाछूतविरूद्ध सचेतना तथा प्रशिक्षण, अनुगमन/सिफारिस, घुम्ती न्याय सेवा, दलित जातीय थर सूचीकृत गर्ने अन्तर्राष्ट्रिय महासन्धीको आवधिक प्रतिवेदन तयार पार्ने र जातीय विभेद तथा छुवाछूतविरूद्धका घटनाहरूमा एक्लै तथा संयुक्तरूपमा अनुगमन गर्ने र सम्बन्धित निकायलाई सिफारिस गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरू आयोगले गर्दै आएको देखिन्छ । अध्ययनको लागि छनौट गरिएका पाँचवटा जिल्लामध्ये केही जिल्लामा जातीय विभेद तथा छुवाछूतका विरूद्ध केही अन्तरक्रिया कार्यक्रम भएको देखिन्छ तर उक्त कार्यक्रमहरूको प्रवाभकारिता न्यून रहेको देखिन्छ । तसर्थ, राष्ट्रिय दलित आयोगले पश्चगामी प्रभाव पार्ने खालका कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने देखिन्छ ।

### ६.५ निष्कर्ष

नेपालका समग्र दलित समुदायलाई जातीय विभेद तथा छुवाछूतलगायत सबै प्रकारका उत्पीडनबाट उन्मुक्ति प्रदान गर्ने अपेक्षाकासाथ २०५८ साल चैत्र ६ गते राष्ट्रिय दलित आयोगको स्थापना गरिएको थियो । आयोगको स्थापना हुनु आफैमा ऐतिहासिक परिघटना थियो ।

वर्तमान संविधानले राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोगको रूपमा स्थापित गरे तापनि हालसम्म आयोगको कानुन नबनेको कारण गठन आदेशकै आधारमा आफ्नो कार्य सञ्चालन गर्दैआएको छ । आयोगको स्थापनाकालदेखि हालसम्म काठमाण्डौ केन्द्रीकृत संरचना रहेको छ । उचित बजेट, विशेषज्ञता, बलियो कानुनी आधार तथा अनुभवको अभाव भएको कारण आयोगले प्रभावकारी कार्य गर्नसकेको छैन । आयोगमा कर्मचारी तथा सदस्यहरू नियुक्ति गर्दा राजनैतिक तजबिजअनुसार गरिने र आयोगको सदस्यहरूको कार्यकाल छोटो भएकोले जातीय विभेद तथा छुवाछूतविरूद्धका दीर्घकालीन नीति निर्माण तथा कार्ययोजना बनाउनको लागि अवरोध

सिर्जना गरेको देखिन्छ । हाल आयोगले रणनीतिक योजनाविना आफ्नै ढङ्गले विभिन्न कार्यक्रमहरू गर्दै आएको देखिन्छ । नमुना जिल्लाका रूपमा छनौट गरिएका पाँचवटा जिल्लाहरूमा भएका स्थलगत भ्रमण तथा अन्तरक्रिया कार्यक्रमबाट "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८" र सोको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विभिन्न कार्यक्रम तथा जातीय भेदभाव तथा छुवाछूतका विरूद्ध विभिन्न सचेतना कार्यक्रम तथा केही घटनाहरूमा अनुगमन गरेको देखिन्छ । आयोगको केन्द्रीकृत संरचना भएको कारण दूरदराजका दलित समुदायको आयोगमा न्यून पहुँच रहेको छ । जातीय विभेद तथा छूवाछूत अन्त्यको लागि स्पष्ट, नीति तथा प्रभावकारी कार्यक्रमको अभाव तथा बलियो कानुनी आधारसमेत नभएको कारण आयोगबाट प्रभावकारी तथा उल्लेखनीय कार्य भएको देखिदैन । दुरगामी प्रभाव पार्ने तथा विभेदलाई अन्त्यगर्ने किसिमका सारभूत नीति तथा योजनाहरूको अभावमा आयोगको कार्यशैली फितलो तथा सतही देखिएको छ । समग्रमा आयोगले दलित समुदायमाथि न्याय गर्नसकेको छैन । हाल संवैधानिक आयोग भएको कारण आयोग प्रति दलित समुदायको धेरै आसा भरोसा रहेको छ ।

### ६.६ राष्ट्रिय दलित आयोगलाई सुझावहरू

- राष्ट्रिय दलित आयोगलाई पेरिस सिद्धान्तमा आधारित संवैधानिक निकायको रूपमा खडा गर्नुपर्दछ । आयोगको कानुन सोही ढङ्गले निर्माण गरी आयोगलाई साधन तथा स्रोत सम्पन्न बनाउनुपर्छ ।
- राज्यद्वारा राष्ट्रिय दलित आयोगलाई विशिष्ट ढङ्गले हेर्ने वातावरणको निर्माण गर्नुपर्ने ।
- राष्ट्रिय दलित आयोगलाई पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने र भएको बजेटलाई उचित तथा प्रभावकारीरूपमा प्रयोग गर्नपर्ने ।
- आयोगको बोर्ड गठन प्रक्रियालाई वैज्ञानिक, प्राज्ञिक तथा प्राविधिक बनाउनपर्ने ।
- आयोगको प्रशासनिक कार्य चुस्तदुरूस्त बनाउन पर्ने ।
- आयोगले रणनीतिक योजना बनाइ अगाडि बढ्नु पर्ने ।

## ७. जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र २०६८ सम्बन्धी अध्ययन

### ७.१ संयन्त्रको परिचय

जातीय भेदभाव तथा छुवाछुत कानुनीरूपमा दण्डनीय भए तापनि नेपालका दलित समुदायमाथि जातीय आधारमा विभिन्न प्रकारका विभेदहरू हुँदै आएका छन् । यसै सन्दर्भमा वि.स. २०६८ सालमा कालीकोट जिल्लामा चुलो छोएको निहुँमा मनबिरे सुनारको हत्या गरिएको घटनाले देशभरी नै एकप्रकारको तरङ्ग उत्पन्न गरेको थियो । उक्त घटनामा नेपाल सरकारको समेत गम्भीररूपमा ध्यानाकर्षण भएको थियो । अतः जातीय भेदभाव र छुवाछूतको अन्त्य र दलित वर्गको उत्थान र विकासको लागि यससम्बन्धी कार्ययोजना तर्जुमा गरी लागू गर्न उपयुक्त संयन्त्रको निर्माण गर्न आवश्यक भएकाले सरकारका मुख्य सचिव माधव प्रसाद घिमिरेको संयोजकत्वमा २०६८ सालमा यो संयन्त्रको गठन गरिएको थियो । जातीय भेदभाव र छुवाछूतको अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धनका लागि केन्द्रदेखि स्थानीयस्तरसम्म उपयुक्त संयन्त्र निर्माण गर्ने, हालसम्म प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै विद्यमान जातीय विभेद, असमानता र वञ्चितीकरण निवारणका लागि ठोस तथा व्यवहारिक कार्यक्रमहरू तय गर्ने जस्ता उद्देश्यको साथ संयन्त्रको गठन गरिएको थियो । संयन्त्रले पाँच तहको संरचनाको परिकल्पना गरेको देखिन्छ । राष्ट्रियस्तरमा तीन तह र स्थानीयस्तरमा दुई तहको संरचना रहेको छ । राष्ट्रियस्तरमा पाँच सदस्यीय सल्लाहकार समिति, १७ सदस्यीय निर्देशक समिति र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको समन्वय एकाइ कार्यालयरहेको छ जसले सचिवालयको कामसमेत गर्दछ । स्थानीयस्तरमा जिल्ला समन्वय र स्थानीय निगरानी केन्द्र रहने व्यवस्था छ ।

### ७.२ संयन्त्रको काम, कर्तव्य र अधिकार

संयन्त्रलाई पाँच तहमा विभाजन गरिएको छ । "जातीय भेदभाव तथा छुवाछूतको अन्त्यसम्बन्धी केन्द्रीय निर्देशक समिति" र "जिल्ला समन्वय समितिको" काम, कर्तब्य र अधिकार किटानीकासाथ तोकिएको छ –

**केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार**

- जातीय भेदभाव र छुवाछूतको अन्त्यका लागि नीतिगत विषयमा सल्लाह, सुझाब प्रदान गर्ने,
- कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने, दलित लक्षित कार्यक्रमहरूको समन्वय, अनुगमन र प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने, जातीय छुवाछूत तथा भेदभावको अवस्थाबारेमा नियमितरूपमा अनुगमन गर्ने गराउने,
- सल्लाहकार समितिबाट प्राप्त सुझाब र सल्लाहको कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने, देखापरेका समस्याहरू निराकरण गर्ने र दलितहरूको हक संरक्षण र हित प्रवर्धनका लागि सम्बन्धित निकायहरूलाई आवश्यक निर्देशन दिने ।

**जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार**

- जिल्लामा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजीकरण, कार्यान्वयन स्थितिको अनुगमन र समन्वय गर्ने,
- दलितहरूको हक संरक्षण र हित प्रवर्धनको लागि स्थानीयस्तरमा प्रचारप्रसार र वकालत गर्ने, स्थानीयतहमा देखापरेका बाधा अवरोध निराकरण गर्ने, भेदभावविरूद्धको कानुन कार्यान्वयन गर्न सहयोग गर्ने,
- राष्ट्रिय निर्देशक समितिलाई सुझाब र सल्लाह दिने,
- जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा दलितहरूको हक संरक्षण र हित प्रवर्धनका लागि छुट्टै डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने ।

- सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका र गाँउ विकास समितिले दलितहरूको हक संरक्षण र हित प्रवर्धनका सम्बन्धमा आआफ्नो कार्यक्षेत्रभित्र सञ्चालित गतिविधिहरू को विषयमा छुटै अभिलेख राख्ने र जिल्ला समन्वय समितिसमक्ष नियमितरूपमा प्रतिवेदन दिने व्यवस्था मिलाउने ।

**७.३ जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र २०६८ ले अबलम्बन गरेका नीति तथा योजनाहरू**

संयन्त्र आफैको ठोस् नीति तथा रणनीतिक योजना हालसम्म बन्न सकेको छैन । हालसम्म विभिन्न मितिमा केन्द्रीयस्तरमा संयन्त्रको (निर्देशन समिति र सल्लाहाकार समिति) आठपटक संयुक्तरूपमा बैठक बसी विभिन्न निर्णयहरू गरेको देखिन्छ । जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि विभिन्न नीति तथा कार्यक्रमको तर्जुमा गर्ने परिकल्पना संयन्त्रले गरेको भए तापनि हालसम्म उल्लेखनीय ढङ्गले नीति तथा कार्यक्रमको तर्जुमा भएको देखदैन । संयन्त्रको एकीकृत राष्ट्रिय कार्ययोजना बन्नेक्रममा रहेको छ । संयन्त्र गठन हुँदाका बखत जारी गरेको दस्तावेजअनुसार यसले आफ्नो गतिविधि अगाडि बढाएको देखिन्छ ।

**७.४ जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन संयन्त्र २०६८ ले संचालन गरेका कार्यक्रमहरू**

संयन्त्रले योजनाबद्ध ढङ्गले कार्यक्रम सञ्चालन गरेको देखिदैन । जातीय विभेद तथा छुवाछूतविरूद्धका केही घटनाहरूमा संयन्त्रको ध्यानाकर्षण भइ सम्बन्धित निकायहरूलाई पत्राचार गरी घटनाका सम्बन्धमा जिज्ञासा राखी काननी कारबाही गर्न निर्देशन दिएको पाईन्छ ।[२] तर जिल्ला तथा स्थानीयस्तरबाट जातीय विभेद तथा छुवाछूत अन्त्यसम्बन्त्री उल्लेखनीय कार्य भएको देखिदैन ।

२ मोरङको बेलबारी घटना, सल्यान जिल्लामा पानीमा विभेद भएको घटना, धादिङ, संखुवासभा र रूपन्देही जिल्लामा अन्तरजातीय विवाहका कारण भएको विभेदको विषय, जनकपुर जिल्लामा भएको ज्यानसम्बन्धी घटनामा उक्त जिल्लाका जिल्ला प्रसासन कार्यालयहरूलाई उचित कानुनी कारबाहीको लागि निर्देशन दिइएको थियो । साथै, बर्दिया जिल्लामा भएको ज्यानसम्बन्धी केसमा संयन्त्रको सचिवालयबाट अनुगमन गरिएको थियो ।

संयन्त्रको निर्देशक समिति र सल्लाहाकार समितिको हाल आठवटा संयुक्त बैठक बसेको देखिन्छ । उक्त बैठकबाट जातीय विभेद तथा छुवाछूत अन्त्य तथा दलितको अधिकार प्रवर्धन सम्बन्धमा केही महत्त्वपूर्ण निर्णयहरू भएको देखिन्छ । तर भएका निर्णयहरूको जिल्ला तथा स्थानीयस्तरमा कार्यान्वयन भएको देखिदैन ।

**७.५ निष्कर्ष**

संयन्त्रको गठन समय सापेक्षिक तथा महत्त्वपूर्ण छ । सैद्धान्तिकरूपमा यसको उद्देश्य तथा संस्थागत संरचनाहरू वैज्ञानिक छन् । तर यसको कार्यान्वयन पक्ष शून्य छ । राष्ट्रिय स्तरमा भएका केही नीतिगत निर्णयहरू स्थानीयस्तरमा कार्यान्वयन भएका छैनन् । कानुनी अभावका कारण संयन्त्रलाई जबाफदेही तथा बाध्यकारी बनाउन सकिएको छैन । संयन्त्रको जिल्ला समन्वय समिति गठन प्रक्रियामा नै अल्झिएको देखिन्छ । जिल्ला समन्वय समिति गठनका सम्बन्धमा जिल्ला प्रसासन कार्यालयलगायत सरोकारवालाहरू नै अनविज्ञ अवस्थामा रहेकोले कुनै कार्यक्रम भए गरेको देखिदैन । संयन्त्रको दस्तावेजमा नीति तथा कार्यक्रमको तर्जुमा गर्ने भनिए तापनि हालसम्म कुनै कार्यक्रम गरिएको छैन साथै कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छैन । संयन्त्रको स्थानीय निगरानी केन्द्र हालसम्म स्थापना भएको छैन । तसर्थ, संयन्त्रलाई प्रभावकारी ढङ्गले परिचालन गर्नको लागि उचित बजेटको व्यवस्था गर्दै रणनीतिक योजना बनाइ सबै संरचनाहरू गठन तथा नवीकरण गर्नुपर्ने देखिन्छ ।

**७.६ संयन्त्रलाई सुझाहरू**

- संयन्त्रलाई जबाफदेही तथा बाध्यकारी बनाउने गरी कानुनी व्यवस्था गर्नुपर्ने ।
- संयन्त्रको एकीकृत रणनीतिक योजना बनाउनु पर्ने ।
- उचित बजेटको व्यवस्था गर्नुपर्ने ।
- संयन्त्रको जिल्ला समन्वय समितिलाई उचित तथा जबाफदेही ढङ्गले परिचालन गर्नुपर्ने ।
- संयन्त्रको स्थानीय निगरानी केन्द्र तुरून्त स्थापना गर्नुपर्ने ।
- राष्ट्रियस्तरमा भएका विभिन्न नीतिगत निर्णयहरूको स्थानीयस्तरमा कार्यान्वयन हुनुपर्ने ।

**आवाज परियोजनाका साझेदार संस्थाहरू**

**नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ**
बखुण्डोल, ललितपुर ।
फोन : ०१-५५३९९४१/५५२३६९४
फ्याक्स : ०१-५५५४७५२
E-mail: nndswo@wlink.com.np
Website: nndswo.org.np

**मधेशी दलित विकास महासंघ**
क्षेत्रीय कार्यालय, राजविराज, सप्तरी ।
फोन : ०३१-५२३३६६५,
फ्याक्स : ०३१-५२३३६६५
E-mail: mddfk2062@gmail.com

**जागरण मिडिया सेन्टर**
नयाँ बानेश्वर, काठमाडौं ।
फोन: ०१-५१७२८५१, फ्याक्स: ०१-५१७२६९७
E-mail: info@jagaranmedia.org.np
Website: jagaranmedia.org.np

**राष्ट्रिय दलित नेटवर्क**
कैलाली, धनगढी ।
फोन : ०९१-५२०६०४,
फ्याक्स : ०९१-५२०६०४
E-mail: rdnnepal@yahoo.com

**समता फाउण्डेशन**
सानेपा-२, ललितपुर ।
फोन: ०१-५५२०८५१, ०१-५५२१७१५
E-mail: info@samatafoundation.org
Website: samatafoundation.org